# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## आर्थिक बिकास महाशाखा

सभागृह, पोखरा, कास्की, गण्डकी प्रदेश

सम्पर्क नं : ०६१-४५७८९४

इमेल economicdivision.pokharamun@gmail.com


पत्र संख्या : २०८३ /८४

चलानी नं :

मिति २०८३/०४/२९

## पोखरा महानगरपालिकाको जग्गा वर्गीकरण सम्बन्धी सूचना

भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ अनुसार पोखरा महानगरपालिका भू-उपयोग परिषद्ले तोकेको मापदण्ड बमोजिम पोखरा महानगरपालिका वडा नं. ११ देखि वडा नं.३३ सम्म वडा नं.१२ बाहेक को भू-उपयोग क्षेत्र वर्गीकरणको प्रारम्भिक मस्यौदा प्रतिवेदनमा उल्लिखित कित्तागत विवरण अनुसार वर्गीकरण गरिएका कित्ताहरू उपर केही गुनासो वा वर्गीकरण क्षेत्र परिवर्तन गर्नुपर्ने भएमा तोकिएको मापदण्डको आधारमा वर्गीकरण गर्ने गरी तपसिल बमोजिमका कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित वडा कार्यालय मार्फत निवेदन पेश गर्नुहुन भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा २८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। साथै यस सम्बन्धी विस्तृत विवरणको लागि पोखराको कित्तागत भू-उपयोग बिवरण खोजी प्रणाली https://pokharalandusedata.vercel.app/ तयार गरिएको छ। सो प्रणालीमा साविक गा.वि.स, साविक वार्ड, नक्शा सिट नं. तथा कित्ता नं. राखी खोज्न सकिनेछ तथा कार्यालयको वेबसाइट www.pokharamun.gov.np बाट हेर्न सक्नुहुनेछ साथै थप जानकारीको लागि पोखरा महानगरपालिका भुमि प्रशासन तथा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तपसिलः**

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

क. जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख. जग्गाधनी पूर्जामा भएको कित्ता नं. देखिने गरी नापी नक्सा,

ग. सम्बन्धित वार्डको सिफारिस ।

**मनहर कडरिया**

**आर्थिक विकास महाशाखा प्रमुख**